अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ८ कार्यपालिका स्वीकृत मितिः२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

### कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८२

**१. परिचय**

संघीयता कार्यान्वयन गर्नु भन्दा पहिले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६५ ले कर्मचारी कल्याण कोषको नाममा स्थापना हुने अक्षयकोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलब बराबरको रकम जम्मा गर्नुपर्ने र यो कोषबाट स्थानीय निकायका कर्मचारीहरुलाई उपदान दिइने व्यवस्था गरेको थियो । संघीयता कार्यान्वयन पश्चात जारी भएको स्थानीय सरकार संचालन ऐनको दफा ९१ बमोजिम स्थानीय तहले तत्कालिन स्थानीय सेवाका कर्मचारीहरु अवकाश हुँदा दिनुपर्ने सुविधाका(संचित घर विदा तथा बिरामी बिदावापतको रकम,औषधी उपचार वापतको रकम र उपदान वापतको रकम) लागि एक अवकाश कोषको व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ। स्थानीय तहहरुले कर्मचारी कल्याणकोषमा छुट्टै रकम राखी सो कोषको परिचालन गर्दै आएका र अवकाश हुने कर्मचारीले सोही कोषबाट नै अवकाश पछिको सुविधा लिदै आएका छन्।

कर्मचारी कल्याण कोषमा जम्मा हुने रकमको सुरक्षण कल्याण कोषको रकमको परिचालन वृद्धि उपयोग र संचालन गर्ने विधिमा स्पष्टता ल्याउन स्थानीय स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बर्दिवास नगरपालिकाले कर्मचारी कल्याण कोष संचालन सम्बन्धी कार्यविधि, २०८२ तयार गरी लागु गरेको छ ।

## परिच्छेद एक
## संक्षिप्त नाम र प्रारम्भ एवं उद्देश्य

**२. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्याविधिको नाम कर्मचारी कल्याण कोष संचालन सम्बन्धी कार्यविधि२०८२ रहेको छ ।

ख) यो कार्याविधि नगर कार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

**३. परिभाषा र व्याख्या:**

क) 'नगरपालिका' भन्नाले बर्दिबास नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) 'कोष' भन्नाले संघियता लागू हुनु पूर्व स्थानीय स्वायत्त शासन नियमावलीको नियम २६५ अनुसार निवृत कर्मचारीहरुको उपदान बिदा तथा औषधी उपचार वापतको रकम व्यवस्थापन गर्नको लागि स्थापना गरिएको कर्मचारी कल्याण कोष भनेर सम्झनुपर्दछ ।

ग) 'ऐन' भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

घ) 'कर्मचारी' भन्नाले साविकमा स्थानीय निकायहरुमा नगरपालिका गाउँ विकास समिती, जिल्ला विकास समितिमा स्थायी तथा अस्थायी नियुक्ती भएका र समायोजन ऐन पश्चात बर्दिबास नगरपालिकामा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्दछ ।

ङ) 'आर्थिक वर्ष' भन्नाले श्रावण १ गतेबाट सुरु भइ आषाढ मसान्त सम्म समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

च) 'कार्यालय प्रमुख' भन्नाले बर्दिबास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## ४. उद्देश्य

क) बर्दिबास नगरपालिका कार्यालयमा स्थापना भएको कर्मचारी कल्याण कोषको परिचालन गर्नु,

ख) कर्मचारी कल्याण कोषमा जम्मा भएको रकमबाट नगरपालिका कार्यरत कर्मचारीहरुलाई उपदान औषधी उपचार तथा संचित घरविदा बिरामी बिदावापतको रकम सुविधाको व्यवस्थापन गर्नु,

ग) कर्मचारी कल्याण कोष संचालन प्रक्रियालाइ एकरुपता स्पष्टता पारदर्शी तथा व्यवस्थित गर्नु ।

## परिच्छेद दुइ

## कल्याण कोषको स्थापना सम्बन्धी व्यवस्था

### ५. कल्याण कोषको स्थापना

क) विगतमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ मा रहेको व्यवस्था अनसार बर्दिबास नगरपालिकामा कर्मचारी कल्याण कोष नामको एक कोष रहनेछ ।यो कार्यविधि तयार हुनु भन्दा अघि स्थानीय स्वात्त शासन नियमावली २०५६ को नियम २६५ अनुसार जम्मा भएको रकम समेत यसै कोषको मानिनेछ ।

ख) यस कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछ ।

१. कर्मचारी कल्याण कोषको लागि प्रत्येक आर्थिक वर्षमा नगरसभाबाट छुट्याएको रकम

२. नगरपालिकाबाट कोषलाई अनुदान स्वरुप प्राप्त हुने रकम

३. कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान वापतको रकम

ग) कोषमा जम्मा भएको रकम बैंकमा खाता खोली प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट खाता संचालन गर्नु पर्दछ ।

### ६. कोषको प्रयोग

कर्मचारी कल्याण कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछ ।

क) कर्मचारीले उमेरको कारणले अवकाश पाएमा वा जुनसुकै तवरले नोकरीबाट अलग भएमा स्थानीय स्वायत्त शासन नियमावलीको नियम २६८ तथा मधेश प्रदेश सरकारको स्थानीय सेवा(गठन तथा संचालन)ऐन, २०८१ को व्यवस्था अनुसार पाउनु पर्ने सेवा सुविधा गणना गरी उपदान, औषधी उपचार तथा संचित बिरामी तथा घर बिदा वापतको रकम

ख) बर्दिबास नगरपालिकामा कार्यरत कुनै कर्मचारी वा निजको परिवारको कुनै सदस्यको मृत्यू भएमा कार्यपालिकाको निर्णयानुसार दाह संस्कार तथा किरिया खर्च वापतको रकम

## परिच्छेद तिन

## संशोधन, बचाउ खारेजी

**७ संशोधन, बचाउ, खारेजी**

क) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि बर्दिबास नगरपालिकाका कर्मचारी कल्याण कोषको नाममा भए गरेको सम्पुर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

ख) यस कार्यविधिमा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा प्रचलित ऐन नियमको परिधीभित्र रहि कार्यपालिकाले गर्नेछ ।

ग) यस कार्यविधिमा उल्लेख गरिएको कुराहरुको हकमा यसै कार्यविधि र उल्लेख नभएको कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ ।

घ) यो कार्यविधि लागु हुनु भन्दा अघि भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ङ) कार्यविधिमा लेखिएका कुराहरु संघिय वा प्रदेशको प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ ।

आज्ञाले,

रामममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत